घरपभोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको २६औं बैठकको निर्णयहरु

मिति २०८०।१०।२४

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८०।९।१६ गते बसेको यस कार्यपालिकाको २५औं बैठकमा भएका निर्णयहरुको प्रगति समिक्षा गरियो । बैठकमा भएका निर्णयहरु मध्ये निर्णय भए बमोजिम सङ्घीय समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश भयो साथै ललितपुर महानगरपालिकामा भगिनी सम्बन्धमा स्थापनाका लागि पत्राचार गरियो र विद्यालयको शैक्षिकशत्र सम्बन्धमा प्रदेश सभा सदस्य माननीय विकल शेरचनज्यू मार्फत संघीय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पत्र मार्फत जानकारी गराईएको व्यहोरा जानकारी भयो । अन्य निर्णयहरुको समेत कार्यान्वयन भएको पाइयो ।

**प्रस्ताव नं. २ :-**

LISA र FRA को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।

**निर्णय नं.२ :-**

यस गाउँपालिकाको गत आ.ब. २०७९।८० को कार्य सम्पादनको आधारमा स्वामूल्याङ्कन गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ७३ अंक प्राप्त गरेको र गाउँ कार्यपालिकाको कार्यालयले उक्त नतिजा सार्वजनिक समेत गरिसकेकोमा सार्वजनिक भएको अंक अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कनको प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकाले प्राप्त गरेको ७३।५ अंक सर्वसम्मत अनुमोदन गरियो र आगामी आ.ब.हरुमा अझै बढी अंक प्राप्त गर्ने तर्फ गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक पहल गर्नु पर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

बेलीबृजको डिपिआर सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

मार्फा-छैरो कालीगण्डकी नदी माथिको बेली बृज निर्माण गर्ने सम्बन्धी DPR तयार गर्ने Clay Engineering Consultancy, Kathmandu का प्राविधिकबाट अनलाईन मार्फत प्रस्तुतिकरण र छलफल भयो । कन्सल्टेन्सीले पेश गरेको ४२ मिटर लम्बाईको DPR स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । DPR तयारको लागि सम्झौताको रकम यस अघिनै निर्णय भए बमोजिम सेवा परामर्श शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने र स्वीकृत DPR बमोजिम चालु आ.ब.

निर्णय प्रमाणित

०८०।१०।२४

२०८०।८१ को स्वीकृत बजेट रु.८०,००,०००।- बराबरको कार्य शुरु गर्ने प्रकृया अगाडी बढाउने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

सार्वजनिक सुनुवाईको मिति तोक्ने सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस कार्यालयबाट चालु आ.ब. २०८०।८१ मा सम्पादन भएका कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम अगामी २०८०, फागुन महिना भित्र सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

स्थानीयतहमा TEVT सञ्जाल गठन सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनको आधार तयार गर्नका लागि स्थानीय तहमा TEVT सञ्जाल गठन तथा परिचालन मापदण्डको बुँदा नं. ५.१ स्थानीय TEVT समन्वय संयन्त्र तपसिल बमोजिम गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

क) स्थानीय तहको उपाध्यक्ष संयोजक श्री जमुना थकाली

ख) स्थानीय तहको सामाजिक विकास समिति संयोजक सदस्य श्री मन बहादुर हिराचन, २ नं. वडा अध्यक्ष

ग) स्थानीय तहको प्रशासन तथा योजना महाशाखा/शाखा सदस्य श्री सकलदेव शर्मा

घ) आर्थिक प्रशासन महाशाखा/शाखा सदस्य श्री आशिष भण्डारी

ङ) स्थानीय तहको रोजगार संयोजक सदस्य श्री शर्मिला श्रीस

च) रोजगारदाताहरु मध्येबाट स्थानीय तहले छनौट गरेका कम्तीमा १ जना महिला सहित ३ जना रोजगारदाताहरु सदस्य
१) श्री कर्म गुरुङ, ५ नं. वडा, चिम्ले .
२) श्री कल्पना ज्वारचन, २ नं. वडा, मार्फा
३) श्री संजोक थकाली, १ नं. वडा, चिमाङ

छ) स्थानीय तहको कृषि तथा पशु शाखाको कर्मचारी सदस्य श्री रोशन थकाली

ज) सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा लेखकुद महाशाखा/शाखा प्रमुख सदस्य सचिव श्री हिमलाल शर्मा

निर्णय प्रमाणित

०८०।१०।२४

**प्रस्ताव नं. ६ :-**

कक्षा ८ को परीक्षा समिति गठन सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

आधारभुत तह (कक्षा) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८० को बुँदा नं. २.१. परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको गठन तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपसिल :-**

क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत/शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख अध्यक्ष प्र.प्र.अ. श्री वेदहरि अधिकारी

ख) सम्बन्धित स्थानीय तहको कक्षा ८ सञ्चालन भएका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका प्र.अ.हरु मध्ये १/१ जना पर्ने गरी स्थानीय तहले मनोनित गरेको २ जना सदस्य

१) प्र.अ. श्री रामचन्द्र अधिकारी, जनहित माध्यमिक विद्यालय, जोमसोम

२) प्र.अ. श्री अनिरुद्र गौतम, प्र.अ. धौलागिरी आवासीय विद्यालय, जोमसोम

ग) सम्बन्धित स्थानीय तहको शिक्षा शाखामा कार्यरत वरिष्ठतम् कर्मचारी सदस्य सचिव शाखा अधिकृत श्री हिमलाल शर्मा

**प्रस्ताव नं. ७ :-**

१ नं. वडा कार्यालयको कार्यालय सहयोगी करारमा राख्ने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिकाको १ नं. वडा कार्यालय छैरोमा कार्यरत स्थायी कार्यालय सहयोगी श्री मंगल प्रसाद थकालीको अगामी मिति २०८०।११।०२ गते देखि अनिवार्य आवकाश हुने भएको हुँदा निज हाल कार्यरत रहेको १ नं. वडा कार्यालयमा कार्यालय सहयोगीको आवश्यक पर्ने हुँदा उक्त कार्यालयमा कामकाज गर्ने गरी करारमा कार्यालय सहयोगी लिने सम्बन्धी मिति २०८०।१०।२२ गते सूचना प्रकाशन भएकोले अनुमोदन गर्ने निर्णय गरियो । साथै अन्य वडा कार्यालयहरुमा करारमा कार्यरत कार्यालय सहयोगीले पाईरहेको मासिक रु.१५,०००।- पारिश्रमिक उपलब्ध गराउने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं.५४ मिति २०८०।१०।०५ गतेको पत्र ।

**निर्णय नं. ८ :-**

गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं.५४ मिति २०८०।१०।०५ गतेको पत्रबाट जानकारी गराईएको बैठकको निर्णयहरु बारे जानकारी भयो । निर्णय भए बमोजिम आवश्यक कानुन स्वीकृत गरी उल्लेख भए अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८०।१०।२४

**प्रस्ताव नं. ९ :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं.३७४८६ मिति २०८०।१०।०७ र च.नं. DIV2-36883 मिति २०८०।१०।०४ को पत्रको सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं.३७४८६ मिति २०८०।१०।०७ र च.नं. DIV2-36883 मिति २०८०।१०।०४ को पत्रमा उल्लेख भएको व्यहोरा जानकारी भयो । च.नं.३७४८६ मा उल्लेख भए बमोजिम यस गाउँपालिकामा नियम विपरितका नियुक्ति गर्ने कार्य नभएको र च.नं. DIV2-36883 बाट प्राप्त भएको सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने सम्बन्धी सुझावको सम्बन्धमा गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने हुँदा यस सम्बन्धमा यस अघी समेत निर्णय भई सोही अनुसार गर्नु गराउनु भनी कार्यालय मार्फत वडाहरुमा पत्रचार समेत भई सकेको व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. १० :-**

सूचना प्रविधि अधिकृत, कृषि अधिकृत र एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम तर्फको ना.प्रा.स. (कृषि) को नपुग पारिश्रमिक सम्बन्धमा ।

**निर्णय नं. १० :-**

प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम, एक गाउँ एक कृषि प्राविधिक कार्यक्रम तथा कृषि स्नातकको लागि संघीय सरकारबाट व्यवस्था भएको तलब भत्ता निजहरुले खाईपाई आएको सेवा सुविधामा नपुग हुने देखिएकोले नपुग रकम कार्यालयको चालु आ.ब. को चालु खर्च तर्फको करार सेवा शुल्क शिर्षकबाट व्यहोर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

स्थानीय त्युङ्ला पर्वमा बिदा दिने सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस घरपझोङ गाउँपालिका भित्र बसोबास गर्ने स्थानीय थकाली समुदायले मनाउने त्युङ्ला पर्व स्थानीय क्यालेण्डर अनुसार यस बर्ष ठिनी गाउँमा केही दिन अघी मनाउने दिन परेकोले उक्त दिन सार्वजनिक बिदा नपरेको खण्डमा यस घरपझोङ गाउँपालिकामा १ दिन सार्वजनिक बिदा दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

ईन्फ्रारेड विद्युतिय चुलो प्रयोग गर्न ईच्छुक घरधुरीको विवरण संकलन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

ईन्फ्रारेड विद्युतिय चुलो प्रयोग गर्न ईच्छुक घरधुरीको विवरण संकलन गर्ने सम्बन्धमा यस घरपझोङ गाउँपालिकामा मतदाता नामावली भएको र यस घरपझोङ गाउँपालिकामा स्थायी ठेगाना भई

निर्णय प्रमाणित।

०८०।१०।२८

गाउँपालिका क्षेत्रमानै बसोबास गरिरहेका, ईन्फ्रेरेड बिद्युतिय चुलो प्रयोग गर्न ईच्छुक स्थानीय घरधुरीहरुको नामावली वडा कार्यालयहरु मार्फत संकलन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

जनहित माध्यमिक विद्यालयको नमुना विद्यालयको विकास योजना तर्फको बचत रकम उपयोग सम्बन्धी निवेदन सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

जनहित माध्यमिक विद्यालय, जोमसोमको मिति २०८०।१०।२३ च.नं.८७ को पत्र बमोजिम केन्द्रबाट स्वीकृत भएको नमुना विद्यालय विकास गुरुयोजना र DPR अनुसारको कार्यक्रम तथा योजनाहरु सम्पन्न भई बचत देखिने विद्यालयको कोषमा रहेको रु.२८,१६,०२६।१४ रकमबाट सोही विद्यालयको बजेटको अभावका कारण निर्माण सम्पन्न हुन नसकेको प्राविधिक धार (सिभिल ईन्जिनियरिङ) तर्फको अत्यावश्यक देखिएको प्रयोगशाला भवन सम्पन्न गर्नको लागि व्यवस्था मिलाईदिनु हुन भनी अनुरोध भई आएकोमा यस सम्बन्धमा छलफल भयो ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र, विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाको च.नं.६६५ मिति २०७९।०१।१५ को नमुना विद्यालय कार्यक्रम कार्यान्वयन सम्बन्धी पत्रको व्यहोरा बमोजिम गुरुयोजनामा समावेश भएका कार्यक्रम/कृयाकलापमा बाहेक अन्य कार्यक्रम/कृयाकलापमा खर्च गर्न नसकिने र जुन शिर्षकका लागि बजेट निकासा भएको हो सोही शिर्षकमा मात्र खर्च गर्नुपर्ने भन्ने परिपत्र समेतलाई मध्यनजर गर्दा माग भए बमोजिम कार्य अगाडी बढाउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय/विभागबाट अर्को व्यवस्था नभएसम्म वा कुनै परिपत्र प्राप्त नभएसम्म स्वीकृत प्रदान नगर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८०।१०।२४